# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित


## संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार यो अध्यादेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस अध्यादेशको नाम "संविधान सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०६४ रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७ मा संशोधन :** संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ (यस पछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (३) मा रहेको स्पष्टिकरणको (२) पछि देहायको (३) थपिएको छ :-

"(३) यस उपदफा बमोजिम राजनैतिक दलले उत्पीडित जाति, आदिवासी/ जनजातिको प्रतिनिधित्व हुने गरी उम्मेदवार चयन गर्दा विक्रम सम्बत् २०५८ सालको जनगणना तथा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम गरिएको आदिवासी/जनजातिको परिभाषाको आधारमा त्यस्ता जात जातिको प्रतिनिधित्व हुने गरी उम्मेदवारको बन्दसूचीमा उम्मेदवार सूचीकृत गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्नेछ।"

(२) उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उम्मेदवारको बन्दसूची सच्याउन आयोगले सम्वन्धित राजनैतिक दललाई सूचित गर्दा पनि उपदफा (३) मा उल्लेख भए बमोजिम समानुपातिक एवं समावेशी

सिद्धान्त अनुरुप उम्मेदवारको बन्दसूची सच्याई आयोग समक्ष पेश नगर्ने राजनैतिक दलका उम्मेदवारको बन्दसूची आयोगले खारेज गर्नेछ ।"

(३) उपदफा (८) को शुरुमा "उपदफा (३) र (५) बमोजिम राजनैतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूची र" भन्ने शब्दहरु थपिएका छन् ।

(४) उपदफा (१४) मा रहेका "र एक जना मात्र उम्मेदवार निर्वाचित हुने राजनैतिक दलको हकमा सम्वन्धित राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत गरेको मध्ये कुनै उम्मेदवारलाई छनौट गरेकोमा निर्वाचन" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) उपदफा (१४) पछि देहायको उपदफा (१५) थपिएको छ :-

"(१५) उपदफा (१४) बमोजिम बीस प्रतिशत भन्दा कम उम्मेदवार सूचीकृत गर्ने गरी उम्मेदवारको बन्दसूची आयोग समक्ष पेश गर्ने राजनैतिक दलले आफूले प्राप्त गरेको मतको अनुपातमा उपदफा (६) बमोजिम उम्मेदवार छनौट गर्दा अनुसूची-१ अन्तर्गत निर्धारित प्रतिशतमा सम्भव भए सम्म महिला र पुरुषको संख्या बराबर हुने गरी अन्य समूहको यथासंभव प्रतिनिधित्व गराई उम्मेदवार छनौट गरी आयोग समक्ष पेश गरेको नामावलीलाई आयोगले मान्यता प्रदान गर्नेछ ।

तर एकजना मात्र उम्मेदवार निर्वाचित हुने राजनैतिक दलको हकमा सम्वन्धित राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत गरेको मध्ये कुनै उम्मेदवारलाई छनौट गरेमा निर्वाचन अयोगले मान्यता प्रदान गर्नेछ ।"

३. <u>**मूल ऐनको दफा ३५ मा संशोधन :**</u> मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छ :-

" ३५. <u>**मतपत्र**</u> : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि छुट्टा छुट्टै रङ्गको मतपत्रको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मतपत्र सम्वन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ । "

४. <u>**मूल ऐनको दफा ५८ मा संशोधन :**</u> मूल ऐनको दफा ५८ को उपदफा (४)मा रहेका "मत विभाजन भएको" भन्ने शब्दहरुको सट्टा "भागफल रहेको" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>**मूल ऐनमा दफा ७३क. थप :**</u> मूल ऐनको दफा ७३ पछि देहायको दफा ७३ क. थपिएको छ,-

" ७३क. <u>**अधिकार प्रत्यायोजन**</u> : यस ऐन बमोजिम आयोगलाई प्राप्त कुनै वा सबै अधिकार आयोगले आवश्यकता अनुसार प्रमुख निर्वाचन आयुक्त, आयुक्त, आयोगको सचिव, निर्वाचन अधिकृत वा

आयोगमा कार्यरत कुनै कर्मचारी वा आयोगले गठन गरेको समिति वा उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।"

६. **<u>मूल ऐनमा दफा ७५क. थप :</u>** मूल ऐनको दफा ७५ पछि देहायको दफा ७५क. थपिएको छ :-

"७५क. **<u>कार्यविधि बनाई लागू गर्ने</u>** : आयोगले यो ऐन वा यस ऐन अर्न्तगत बन्ने नियमहरुको अधीनमा रही यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ। "

७. **<u>मूल ऐनको अनुसूचीमा संशोधन :</u>** मूल ऐनको अनुसूचीको,-

(१) अनुसूची-१ को,-

(क) "उम्मेदवारको प्रतिशत" को कोलममा रहेको "५०%" भन्ने अंङ्कको सट्टा "कम्तीमा ५०%" भन्ने शब्द र अङ्कहरु राखिएका छन्।

(ख) द्रष्टव्यमा रहेका "स्पष्ट उल्लेख नभएका" भन्ने शब्दहरुको सट्टा "उल्लेख भएका मधेशी, दलित, उत्पीडित जाति, आदिवासी/जनजातिमा नपरेका जात जाति वा" भन्ने शब्दहरु राखिएका छन्।

(२) अनुसूची - २ को सट्टा यसै साथ संलग्न अनुसूची - २ राखिएको छ।

(३) अनुसूची - ३ र ४ झिकिएका छन्।

“अनुसूची-२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

........................ राजनैतिक दल

<u>उम्मेदवारको बन्दसूची</u>

| क.सं. | उम्मेदवारको नाम | महिला | पुरुष | मधेसी | | | उत्पीडित जाती, आदिवासी /जनजाति | दलित | पिछडिएको क्षेत्र | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मधेसी दलित | मधेसी उत्पीडित जाती, आदिवासी/ जनजाति | मधेसी अन्य | | | | |
| १ | .............. | | | | | | | | | |
| २ | .............. | | | | | | | | | |
| ३ | .............. | | | | | | | | | |
| ४ | .............. | | | | | | | | | |
| ५ | .............. | | | | | | | | | |
| ६ | .............. | | | | | | | | | |
| ७ | .............. | | | | | | | | | |
| ८ | .............. | | | | | | | | | |
| ९ | .............. | | | | | | | | | |
| १० | .............. | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा :- | | | | | | | | | | |
| प्रतिशत | | | | | | | | | | |

अधिकारप्राप्त व्यक्तिको,

राजनैतिक दलको छाप सही : ..................................

नाम : ...................................

राजनैतिक दलको नाम : .....................................

मिति : ....................................

---------------------------------------

<u>द्रष्टव्य</u> : राजनैतिक दलहरुले यस अनुसूचीमा उल्लिखित तालिकामा लेखिए बमोजिम उम्मेदवारको नाम र उम्मेदवारले प्रतिनिधित्व गर्ने समूहहरु स्पष्ट खुलाएर निर्वाचन आयोग समक्ष पेश गर्नु पर्नेछ । उम्मेदवारहरुले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्न सक्नेछन् ।

<u>उदाहरण</u> : कुनै उम्मेदवारले महिला, मधेसी, दलित लगायतका समूहको प्रतिनिधित्व गर्न सक्नेछ ।

"अन्य" भन्नाले यस अनुसूचीमा उल्लेख भएका मधेशी, दलित, उत्पीडित जाति, आदिवासी /जनजातिमा नपरेका जात जाति वा समुहहरुलाई जनाउँछ । कुनै पनि समूहका लागि तोकिएको प्रतिशत बमोजिम भए नभएको टुङ्गो लगाउने प्रयोजनका लागि अनुसूची-१ बमोजिमको तालिकामा उम्मेदवारको नाम र सो उम्मेदवारले प्रतिनिधित्व गर्ने सबै समूहको कोष्ठमा १-१ लेख्ने र जम्मा हरफमा सम्बन्धित समूहको कोलममा भएको सबै संख्या जोडेर राख्नु पर्नेछ । साथै प्रतिशत लेखिएको हरफमा जम्मा हरफमा भएको संख्या कुल उम्मेदवार संख्याको प्रतिशतमा गणना गरी राख्नु पर्नेछ ।